# Nadep Laghubitta Bittiya Sanstha Limited

Centre Office, Gajuri-1, Dhading
Phone: 010-402111, 402124, 01-5249166

## Unaudited Financial Report (Quarterly)

**NRB Directive Form No. 9.5**

### As at 3rd Quarter (2076/12/30) of Fiscal Year 2076/077

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4790932.91** | **4857723.82** | **4172414.00** |
| 1.1 | Paid-up Capital | 368000.00 | 368000.00 | 320000.00 |
| 1.2 | Reserves and Surplus | 185104.47 | 216294.91 | 224809.03 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 2398313.30 | 2499349.46 | 2165075.48 |
| 1.5 | Deposits (a+b) | 1367886.07 | 1310992.72 | 1056408.47 |
| | a. Domestic Currency | 1367886.07 | 1310992.72 | 1056408.47 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 314.50 | 13681.83 | 7226.27 |
| 1.7 | Other Liabilities | 471314.57 | 449404.91 | 398894.75 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4790932.91** | **4857723.82** | **4172414.00** |
| 2.1 | Cash & Bank Balance | 54238.49 | 39634.08 | 110261.80 |
| 2.2 | Money at call and short Notice | 246851.92 | 467995.33 | 125894.25 |
| 2.3 | Investments | 2000.00 | 2000.00 | 2000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 4140703.84 | 4142017.58 | 3696797.51 |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 4140703.84 | 4142017.58 | 3696797.51 |
| 2.5 | Fixed Assets | 17596.61 | 17286.37 | 19640.74 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 329542.04 | 188790.46 | 217819.70 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 480750.85 | 332862.52 | 419089.70 |
| 3.2 | Interest Expense | 281000.71 | 192782.02 | 231188.38 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **199750.14** | **140080.50** | **187901.32** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 48193.53 | 33781.66 | 55523.30 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **247943.66** | **173862.16** | **243424.61** |
| 3.6 | Staff Expenses | 133237.73 | 87220.40 | 131868.30 |
| 3.7 | Other Operating Expenses | 34250.22 | 21068.65 | 35741.84 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **80455.71** | **65573.11** | **75814.48** |
| 3.8 | Provision for Possible Loss | 82903.94 | 17641.92 | 52855.76 |
| **D** | **Operating profit (C-3.8)** | **-2448.23** | **47931.19** | **22958.71** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 3601.38 | 2235.51 | 3537.60 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **1153.15** | **50166.69** | **26496.31** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **1153.15** | **50166.69** | **26496.31** |
| 3.12 | Provision For Staff Bonus | 104.83 | 4560.61 | 2408.76 |
| 3.13 | Provision For Tax | 314.50 | 13681.83 | 7226.27 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **733.82** | **31924.26** | **16861.29** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 11.72% | 12.44% | 13.41% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 8.42% | 4.79% | 4.38% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 101.84% | 83.77% | 81.18% |
| 4.4 | Cost of Funds | 10.37% | 11.10% | 9.20% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 302.71% | 315.95% | 349.94% |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority

| Interest Rate | |
|---|---|
| Against Member Saving – 8% to 9% | Against Loan & Advance- 16% to 18% |

## धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ नियम २६ उपनियम (१) सँग सम्बन्धित अनुसुचि १४ बमोजिमको
## नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.ब. २०७६/०७७ को तेश्रो त्रैमासिक विवरण

**१. प्रमुख वित्तीय विवरण :**

क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरण : यस वित्तीय संस्थाको वासलात, नाफा–नोक्सान सम्बन्धी बिवरण यसै साथ प्रकाशित गरिएको छ । उक्त वित्तीय विवरणमा कोरोनाले पारेको प्रभाव सहितको कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू गत आ.ब. को सोही अवधिको तुलनामा निम्न बमोजिम रहेको छ ।

| सेयर आम्दानी (वार्षिकीकरण) | प्रति सेयर बजार मूल्य | मूल्य आम्दानी अनुपात | प्रति सेयर खुद किताबी मुल्य | प्रति सेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|---|
| ०.२६६ | ५३४/– | २००८.४४ | १५०.३० | १३०१.८८ | ७.९९ |

**२. व्यवस्थापकीय विश्लेषण :**

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : वित्तीय संस्थाको व्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति हुन सकिरहेको छैन । संस्थाको तरलतामा गत त्रयमासमा उल्लेख्य व्यवस्थापन भएको छ । गत आ.ब. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा तुलनात्मक कमी भएको छ । वित्तीय संस्थाले गत त्रयमाससम्म देशका ४६ जिल्लामा ७८ वटा शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको छ । कोरोना महामारीको प्रत्यक्ष गहिरो असर लघुवित्त क्षेत्रमा पर्न गएको छ । कोभिड १९ कोरोना भाइरस नियन्त्रणको लागि गरिएको बन्दाबन्दी (लकडाउन) को प्रभावको कारण यस त्रयमासमा मात्र पाउनुपर्ने ब्याजमा १३ करोडले बृद्धि भएको छ । केन्द्र बैठक सञ्चालन गर्न नसकिएको यस अवस्थामा निष्क्रिय कर्जा ८.४२ प्रतिशत पुगेको छ । बन्दाबन्दी शुरू भए देखिका कुनैपनि केन्द्र नचलेका र मासिक रूपमा असुल हुनुपर्ने कर्जाहरू आम रूपमा असुल उपर भएका छैनन् । यस परिस्थितिमा वित्तीय संस्थाले सुरक्षाका उपायहरू अवलम्बन गर्दै आफ्ना अधिकांश कार्यालयहरू सुचारू गरी सदस्यहरू संग सम्पर्क कायम गरिरहेको छ । साथै यस संस्थाले २०७६ साउन १ गते पश्चात् लगानी गरिएका सबै कर्जाहरूको कर्जा सुरक्षण कोषबाट सुरक्षण गर्दै आएको छ । जसबाट जम्मा लगानी मध्ये यस त्रयमासको अन्त्यमा करिव रू १६७ करोड लगानी सुरक्षण गरिएको र उक्त सुरक्षणमा कुनैपनि कारणले भाखा नाघेको कर्जा समेत समावेश गरिएको छ । यस परिस्थितिमा व्यवस्थापनको प्राथमिकता लक्ष्य अनुसार प्रगति गर्नुभन्दा पनि कर्जाको गुणस्तर सुधार गरी आफ्ना सेवा केन्द्रहरूको नियमित सञ्चालन प्रधान हुन गएको छ ।

ख. आगामी अवधिको ब्यावसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण : सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरूलाई प्राप्ती तथा मर्जर गरी संस्थाको कार्यक्षेत्र र कार्यक्रमलाई विस्तार गर्ने संस्थाको नीति बमोजिम सञ्चालकको संयोजकत्वमा ४ सदस्यीय मर्जर तथा प्राप्ती समिति गठन गरिएको छ । वित्तीय श्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट बचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाइनेछ । आन्तरिक तथा बाह्य श्रोतहरूको परिचालन तथा सहकार्यमा यस संस्थासंग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्ने उद्देश्यले विशेष समुह र समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ भने कर्मचारीहरूको संस्था प्रति अपनत्व अभिबृद्धि गर्न बृत्ति विकासका विभिन्न कार्यहरू गरिनेछ ।
चालु आ.ब. को यस त्रयमासको अन्त्य सम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्न अनुसार रहेको छ ।

| बिबरण | आ.व.२०७६/०७७ २०७६ पुस मसान्तसम्मको प्रगति | २०७६ चैत मसान्त सम्मको प्रगति |
|---|---|---|
| **कुल सदस्य संख्या** | ८०,४२७ | ८०,३८७ |
| **बाँकी सावाँ (रु. हजारमा)** | ४,३१,५२,७४/– | ४,३७,९२,२२.०९ |
| **कुल बचत (रु. हजारमा)** | १,३१,०९,९३/– | १,३६,७८,८६.०७ |

ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक बिवरण : बाणिज्य बैंकहरूले आधार दरमा प्रिमियम जोडी लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने अवस्थामा सुधार नभएको र बजारमा तरलताको सहज भएता पनि कोषको लागत दर सहज हुन सकेको छैन । पछिल्लो समयमा एकै कार्यक्षेत्रमा बहुसंख्यक लघुवित्त सेवा प्रदायकहरूको उपस्थितिले सदस्यहरू बीच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आउने कारणहरूले संस्थालाई असर पार्न सक्छ । साथै आगामी दिनहरूमा कोभिड १९ को असरलाई मध्यनजर गर्दै नियमनकारी निकायहरूले तय गर्ने नीति निर्देशनहरूले समेत संस्थाको आर्थिक अवस्थालाई असर पार्न सक्नेछ ।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

समीक्षा अवधिमा संस्थाले शाखा कार्यालय विराटनगरमा कार्यरत कर्मचारी तथा केन्द्र प्रमुखबाट भएको आर्थिक अनियमितता तथा गैह्र कानूनी कार्यमा संलग्न कर्मचारीहरूलाई श्री उच्च अदालत बाणिज्य ईजालस विरानगरमा बैकिङ्ग कसुर अर्न्तरगत दायर मुद्दा र संस्थाको नीति विपरीत कार्य गर्ने केहि कर्मचारीहरूलाई गरिएको विभागीय कारवाही संम्वन्धमा निजहरूबाट श्रम अदालत काठमाडौं र श्री पाटन उच्च अदालतमा पुर्नरवहालिका लागि रिट दायर मुद्धा बिचाराधीन अवस्थामा रहेको छ ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः यस वित्तीय संस्थाको सेयर कारोवारमा समय समयमा उतारचढाव देखिएता पनि धितोपत्र बजारको हालको अवस्थामा सेयरको कारोवार सन्तोषजनक रहेको छ ।

ख. त्रैमासिक अवधिको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या : यस त्रैमासिक अवधिको सेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । (नेपाल स्टक एक्सचेञ्जको वेवसाईटमा आधारित)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोवार संख्या | सेयर संख्या |
|---|---|---|---|---|---|
| रु ८५७/– | रु ५३४/– | रु ५३४/– | ४६ | ७,४१५ | ७,४०,२५३ |

**५. समस्या तथा चुनौती :**

क. कोरोना महामारी (कोभिड १९) ले लघुवित्त क्षेत्रमा दीर्घकालिन प्रभाव,
ख. संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तार सँगै बढने सदस्यहरूको दोहोरोपना,
ग उच्च कोष लागत,
घ. नियमनकारी निकायबाट अप्रत्यासित रूपमा हुन सक्ने नीतिगत परिवर्तन र सो बाट सिर्जित हुन सक्ने समस्या तथा चुनौती,
ङ. दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवाको परित्याग,
च. कमजोर भौतिक पुर्वाधार
छ. अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकुल अवस्था, आदि ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सर्म्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप–समितिहरू मार्फत ब्यावसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्याङ्कन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको पालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागु गरिएको छ ।

**७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।